# वार्षिक परीक्षा २०८२

कोड मा २०७१

कक्षा: ५ | पूर्णाङ्क: ५०

विषय: सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | समय: २ घण्टा

## समूह 'क'

**ग प्रश्नहरुको अति छोटो उत्तर दिनुहोस् ।** **(८x१=८)**

समुदाय भनेको के हो ?

२. गौरा पर्वमा गरिने कुनै एक क्रियाकलाप लेख्नुहोस् ।

३. नेपालमा कतिवटा प्रदेशहरु छन् ?

४. तिब्वती भाषामा 'ने' र 'पाल' को अर्थ के हुन्छ ?

५. कस्ता वस्तुलाई स्वदेशी वस्तु भनिन्छ ?

६. श्रमको महत्व किन छ ? एक वाक्यमा उत्तर लेख्नुहोस् ।

७. ऐतिहासिक वस्तुको संरक्षण किन गर्नुपर्छ ? एउटा कारण दिनुहोस् ।

८. चोरी डकैतिबाट बच्ने कुनै एक उपाय लेख्नुहोस् ?

## समूह 'ख'

**तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् ।** **(९x३=२७)**

९. कस्तो आचरण भएको व्यक्तिलाई सबैले मन पराउँछन् ?

१०. तराईमा बस्ने मानिसको भेषभूषाहरु लेख्नुहोस् ?

११. 'लागुपदार्थ स्वास्थ्यका लागि हानिकारक छ ।' आफ्ना तर्कसहित पुष्टि गर्नुहोस् ?

१२. सामाजिक समस्या समाधान गर्न विद्यालयले खेल्ने ३ वटा भूमिकाहरु लेख्नुहोस् ?

१३. असल समाजका कुनै ३ वटा विशेषताहरु लेख्नुहोस् ?

१४. आफ्नो समुदायमा रहेका कुनै ३ वटा धार्मिक स्थलको नाम र रहेको स्थान लेख्नुहोस् ?

१५. स्वदेशी उत्पादन बढाउन के के गर्नुपर्ला ? कुनै ३ वटा सुझाव दिनुहोस् ।

१६. ऐतिहासिक वस्तु संरक्षण गर्ने उपायहरुमध्ये कुनै ३ वटा उपायहरु लेख्नुहोस् ?

१७. पृथ्वीको आन्तरिक वनावट लेख्नुहोस् ?

## समूह 'ग'

**तलका प्रश्नहरुको लामो उत्तर दिनुहोस् ।** **(३x५=१५)**

१८. तपाईंको कक्षामा कस्तो विवाद हुने गर्दछ ? त्यस्ता विवादहरु समाधान गर्न के के गर्नुपर्छ ?

१९. नेपालका राष्ट्रिय विभुतिहरुको नाम लेखी पासाङ्ग ल्हामु शेर्पाको योगदान बारे लेख्नुहोस् ।

२०. नेपालको नक्सा बनाई भौगोलिक विभाजन गरी रङ भर्नुहोस् ?

**समाप्त**